# मंगलसेन राजपत्र


मंगलसेन नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) संख्या १ मितिः २०८३ भाद्र १८


## भाग २

### मंगलसेन नगरपालिका

### मंगलसेन नगरपालिकाको सूचना

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यालयमा आवश्यक विषय तथा तहका शिक्षकको उपलब्धता सुनिश्चित गरी शिक्षक-विद्यार्थी अनुपातलाई सन्तुलित बनाउन, शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन र विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार ल्याउन आवश्यक देखिएकोले नगर कार्यपालिकाको मिति २०८३/०५/१५ गतेको बैठकबाट पारित "नगर शिक्षण सुधार अनुदान कार्यविधि, २०८३" मंगलसेन नगरपालिकाकोको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७४ को दफा (७) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः



### मंगलसेन नगरपालिका, अछाम
### नगर शिक्षण सुधार अनुदान कार्यविधि, २०८३

प्रस्तावनाः सामुदायिक विद्यालयको आधारभूत तथा माध्यमिक तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यालयमा आवश्यक विषय तथा तहका शिक्षकको उपलब्धता सुनिश्चित गरी शिक्षक-विद्यार्थी अनुपातलाई सन्तुलित बनाउन, शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन र विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार ल्याउन आवश्यक देखिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रम तथा प्रचलित राष्ट्रिय शिक्षा नीति, मापदण्ड र कार्यक्रमले लिएका उद्देश्य अनुरूप विद्यालयमा शिक्षक उपलब्धता तथा शिक्षण-सिकाइ व्यवस्थापनमा देखिएका आवश्यकतालाई सम्बोधन गर्न शिक्षण सुधार अनुदानको प्रभावकारी, पारदर्शी, आवश्यकता तथा मापदण्डमा आधारित वितरण र व्यवस्थापन गर्नु वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रचलित व्यवस्था तथा नगर शिक्षा ऐन-२०७६ सम्बन्धी कानुनको अधीनमा रही मंगलसेन नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

#### परिच्छेद-१
#### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "नगर शिक्षण सुधार अनुदान कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "ऐन" भन्नाले प्रचलित संघीय तथा स्थानीय शिक्षा सम्बन्धी ऐन सम्झनु पर्छ।

ख. "नियमावली" भन्नाले प्रचलित शिक्षा सम्बन्धी नियमावली सम्झनु पर्छ।

ग. "नगरपालिका" भन्नाले मंगलसेन नगरपालिका सम्झनु पर्छ।

घ. "शाखा" भन्नाले मंगलसेन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ङ. "विद्यालय" भन्नाले बालविकास देखि १२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालय सम्झनु पर्छ।

च. "दरबन्दी" भन्नाले संघीय सरकार वा प्रचलित कानुनबमोजिम विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दी सम्झनु पर्छ र सो शब्दले राहत र अनुदान कोटालाई समेत जनाउँछ।

छ. "नगर शिक्षण सुधार अनुदान" भन्नाले विद्यालयमा आवश्यक विषयगत शिक्षक वा शिक्षण जनशक्तिको अभावका कारण विषयको पठनपाठन प्रभावित वा बन्द हुने अवस्था सम्बोधन गर्न तथा शैक्षिक गुणस्तर अभिबृद्धिका क्रियाकलाप सन्चालन गर्न स्थानीय तह बाट एक शैक्षिक वर्षका लागि उपलब्ध गराइने अनुदान सम्झनु पर्छ।





## परिच्छेद-२
## विद्यालय छनोट तथा अनुदान वितरण

**३. विद्यालय छनोटका आधारः**

शिक्षण सुधार अनुदान वितरणका लागि विद्यालय छनोट गर्दा देहायका आधारहरू पूरा भएको हुनुपर्नेछः

१) निम्न माध्यमिक (कक्षा ६-८) तथा माध्यमिक (कक्षा ९-१०) तहमा अंग्रेजी, गणित र विज्ञान विषयका लागि स्वीकृत दरबन्दी, राहत अनुदान वा संघीय शिक्षण-सिकाइ अनुदान उपलब्ध नभएको हुनुपर्नेछ। त्यस्तो अनुदान प्राप्त भएको भए पनि सम्बन्धित विषयको शिक्षक उपलब्ध नभई पठनपाठन प्रभावित भएको अवस्था हुनुपर्नेछ।

२) प्रचलित न्यूनतम मापदण्डअनुसार सम्बन्धित तह/कक्षामा आवश्यक न्यूनतम विद्यार्थी संख्या पुगेको हुनुपर्नेछ।

३) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक संघ गठन भएको हुनुपर्नेछ।

४) विद्यालयले नियमित रूपमा सामाजिक परीक्षण गरेको हुनुपर्नेछ।

५) विद्यालयले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरेको हुनुपर्नेछ।

६) विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा आवश्यक विवरण अद्यावधिक गरेको हुनुपर्नेछ।

७) अनुदानको आवश्यकता, विषयगत शिक्षक अभाव र पठनपाठन प्रभावित भएको अवस्था विद्यालयले प्रमाणित गर्न सक्ने हुनुपर्नेछ।

**४. विद्यालय छनोट तथा प्राथमिकता निर्धारणः**

१) दफा ३ बमोजिमका आधार पूरा गर्ने विद्यालय मध्ये उपलब्ध बजेटको सीमा भित्र रही विद्यालयको आवश्यकता, विषयगत शिक्षक अभाव, पठनपाठनमा परेको प्रभाव र विद्यार्थी हितलाई आधार बनाई प्राथमिकता निर्धारण गरिनेछ।

२) अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक अभाव भएका विद्यालयलाई प्राथमिकताका साथ अनुदान उपलब्ध गराइनेछ।

३) अंग्रेजी, गणित र विज्ञान बाहेकका अन्य विषयमा शिक्षक आवश्यक भएको प्रमाणित भएमा विषयगत आवश्यकता, विद्यार्थी संख्या, पठनपाठनको अवस्था, उपलब्ध बजेट तथा विद्यालयको औचित्यका आधारमा नगरपालिकाले छुट्टै निर्णय गरी अनुदान उपलब्ध गराउन सक्नेछ।

४) विद्यालय छनोट तथा प्राथमिकता निर्धारण गर्दा शाखाले आवश्यक प्रमाण, IEMIS विवरण, विद्यालयको प्रस्ताव तथा अनुगमनबाट प्राप्त विवरणलाई आधार बनाउन सक्नेछ।

**५. शिक्षण सुधार अनुदानको रकम तथा वितरणः**

१) छनोट भएका विद्यालयलाई सम्बन्धित तहमा पठनपाठन तथा शैक्षीक गुणस्तर सधार सम्बनिध कार्यक्रम व्यवस्थापनका लागि देहाय बमोजिम न्यूनतम वार्षिक अनुदान उपलब्ध गराइनेछ।





| क्र.सं. | तह/कक्षा | न्यूनतम वार्षिक अनुदान रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | निम्न माध्यमिक (६-८) | ४,००,००० | वार्षिक |
| २ | माध्यमिक (९-१०) | ४,६५,००० | वार्षिक |
| ३ | माध्यमिक (११-१२) | ५,३०,००० | वार्षिक |

२) उपदफा (१) बमोजिमको अनुदान रकम उपलब्ध बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रही प्रदान गरिनेछ।

३) अनुदान रकम प्रचलित आर्थिक कार्यविधि तथा नगरपालिकाको निर्णय बमोजिम चौमासिक वा अन्य स्वीकृत किस्तामा विद्यालयलाई उपलब्ध गराइनेछ।

४) नगरपालिकाले तोकिएको तह/विषयमा वैकल्पिक शिक्षक वा अन्य व्यवस्था सुनिश्चित गरेमा, विद्यालयको वास्तविक आवश्यकता नरहेको अवस्थामा वा कार्यविधिका शर्त पूरा नभएको प्रमाणित भएमा आगामी किस्ता रोक्का, रकम समायोजन वा अनुदान कटौती गर्न सक्नेछ।

## परिच्छेद-३
## अनुदान रकमको व्यवस्थापन तथा उपयोग

**६. अनुदान रकमको उपयोगः**

१) नगरपालिका बाट दफा-५ बमोजिम उपलब्ध गराइएको अनुदान रकम स्वीकृत उद्देश्य अनुरूप देहायका कार्यमा खर्च गर्न सकिनेछः

- तोकिएको विषय तथा तहमा आवश्यक शिक्षक/शिक्षण जनशक्ति व्यवस्थापन तथा पारिश्रमिकमा;

- कक्षाकोठा, शिक्षण–सिकाइ सामग्री तथा आवश्यक शैक्षिक सामग्री व्यवस्थापनमा;
- विद्यार्थीको सिकाइ उपलब्धि सुधार सँग प्रत्यक्ष सम्बन्धित स्वीकृत शैक्षिक गुणस्तर सुधारका कार्यमा।

२) दफा -३ तथा दफा -४ बमोजिम प्राथमिकता तोकिएको विषय बाहेक अन्य प्रयोजनमा अनुदान रकम खर्च गर्न पाइने छैन,

नगरपालिका बाट पूर्व स्वीकृति प्राप्त भएको अवस्थामा बाहेक।

३) अनुदान रकम बाट स्थायी प्रकृतिको दायित्व सिर्जना हुने गरी खर्च गर्न पाइने छैन।

**७. विद्यालयको प्रस्ताव तथा सम्झौताः**

१) अनुदान प्राप्त गर्न इच्छुक विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

२) प्रस्तावमा शिक्षक अभावको अवस्था, सम्बन्धित विषय/तह, विद्यार्थी संख्या, IEMIS विवरण, प्रस्तावित जनशक्ति वा कार्यक्रम, अनुमानित खर्च तथा अपेक्षित उपलब्धि खुलाउनुपर्नेछ।

## परिच्छेद–४
## निकायहरूको भूमिका

**८. नगरपालिकाको भूमिका तथा जिम्मेवारीः**

१) उपलब्ध बजेटका आधारमा अनुदान प्राप्त गर्न सक्ने विद्यालयको प्राथमिकता क्रम तयार गर्ने;



खण्ड ९) संख्या ३ मंगलसेन राजपत्र, भाग २ मिति २०८३/०५/१८

२) दफा-३ र ४ का आधारमा विद्यालय छनोट गरी अनुदान रकम स्वीकृत/निकासा गर्ने;

३) आवश्यक परे विद्यालयबाट थप विवरण तथा प्रमाण माग गर्ने;

४) अनुदानको उपयोग, पठनपाठनको अवस्था तथा अपेक्षित उपलब्धिको नियमित वा आवश्यकता अनुसार अनुगमन गर्ने;

५) विद्यालयसँग समन्वय गरी शिक्षण–सिकाइ सुधारका लागि आवश्यक सहजीकरण गर्ने;

६) अनुदानको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यक सुधार तथा पुनरावलोकनका लागि सुझाव पेश गर्ने।

**९. विद्यालयको भूमिका तथा जिम्मेवारीः**

१) विद्यालय व्यवस्थापन समितिको निर्णय बाट अनुदान रकम उपयोग सम्बन्धी कार्यक्रम/प्रस्ताव स्वीकृत गर्ने;

२) स्वीकृत विषय, तह र उद्देश्य अनुसार मात्र अनुदान रकम परिचालन गर्ने;

३) अनुदानबाट व्यवस्थापन गरिएको शिक्षक/शिक्षण जनशक्तिबाट नियमित पठनपाठन सुनिश्चित गर्ने;

४) अनुदान रकमको आय-व्यय तथा सम्बन्धित कागजात व्यवस्थित रूपमा राख्ने;

५) नगरपालिकाले तोकेको ढाँचामा प्रगति तथा खर्च विवरण पेश गर्ने;

६) अनुगमन तथा मूल्याङ्कनका क्रममा आवश्यक सूचना, कागजात तथा सहयोग उपलब्ध गराउने।

**१०. थप सुविधा तथा लागत साझेदारीः**
यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने विद्यालयले नगरपालिका बाट स्वीकृत कार्यक्रमको उद्देश्य पूरा गर्न आफ्नै स्रोतबाट लागत साझेदारी वा थप शैक्षिक सुविधा उपलब्ध गराउन सक्नेछ।

**परिच्छेद–५**

**अनुगमन, कारबाही तथा विविध**

**११. अनुगमन तथा मूल्याङ्कनः**

१) शाखाले अनुदान प्राप्त विद्यालयको पठनपाठन, शिक्षक उपलब्धता, विद्यार्थीको सिकाइ अवस्था, अनुदान उपयोग तथा प्रगतिको अनुगमन गर्न सक्नेछ।

२) अनुगमनबाट कार्यविधि विपरीत खर्च वा गलत विवरण पेश गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही तथा रकम असुलउपरको प्रक्रिया अघि बढाउन सकिनेछ।

**१२. दोहोरो अनुदान नपाइनेः**
एउटै उद्देश्य, विषय तथा तहका लागि संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट प्राप्त समान प्रकृतिको अनुदान बाट शिक्षक/कार्यक्रम व्यवस्थापन भइसकेको अवस्थामा सोही प्रयोजनका लागि दोहोरो रूपमा नगर शिक्षण सुधार अनुदान उपलब्ध गराइने छैन।

**१३. कार्यविधिको व्याख्या तथा बाधा अड्काउ फुकाउनेः**





१) यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा प्रचलित कानुन तथा यस कार्यविधिको उद्देश्य र मर्मविपरीत नहुने गरी नगर कार्यपालिकाले आवश्यक व्याख्या गर्न सक्नेछ।

**१४. संशोधन तथा परिमार्जनः**
नगरपालिकाले आवश्यकता, उपलब्ध बजेट, प्रचलित कानुन तथा शैक्षिक आवश्यकताका आधारमा यस कार्यविधिमा संशोधन वा परिमार्जन गर्न सक्नेछ।

**अनुसूची -१**

**(दफा ७ को उपदफा १ संग सम्बन्धित)**

शिक्षण सुधार अनुदान प्रस्ताव

विद्यालय परिचयः

विद्यार्थी संख्याः

सम्बन्धित विषय/तह शिक्षक विवरणः

शिक्षक अभावको अवस्था,

IEMIS विवरणः

प्रस्तावित जनशक्ति वा कार्यक्रमः

अनुमानित खर्च

अपेक्षित उपलब्धिः

आज्ञाले
विष्णु प्रसाद ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत